फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

इच्छाकामना गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८२/८३

च.नं.

मितिः२०८२।०७।१८......................

## वैदेशीक रोजगारबाट विरामी र अङ्गभङ्गलाई आर्थिक सहायता सम्बन्धमा

अङ्गभङ्ग वा अशक्त भई बिदेशमा काम गर्न नसकेको कारण नेपाल फर्की निवेदन गर्ने कामदारलाई आर्थिक सहायता प्रदान

**प्रकृया :-**

1. वैदेशिक रोजगारको सिलसिलामा विदेशमा विरामी वा अंग भंग भएका कामदारले नेपाल आय पश्चात नेपालको अस्पतालमा जाँच गराउनु पर्ने छ ।
2. कामदारले विदेशवाट फर्कि आउदा विदेशको अस्पतालमा जाँच गराएको कागजात वा विरामी भई काम गर्न नसक्ने भई फर्काइएको भन्ने रोजगारदाता कम्पनी वा दुतावासको पत्र अनिवार्य रुपमा लिइ आउनु पर्ने छ ।
3. वोर्ड सचिवालयमा उपलव्ध निवेदनको ढाँचामा कामदार स्व्यं उपस्थित भई तल उल्लेखित कागजात सहित निवेदन पेश गर्ने।
4. वैदेशिक रोजगार विभागमा निवेदन दिई श्रम स्वीकृतिको पत्र तयार पार्ने । निवेदनको ढाँचा विभागमा उपलव्घ हुने ।
5. निवेदन तथा श्रम स्वीकृतीको पत्र वाहेक अन्य सम्पूर्ण कागजातहरुको छाँया प्रति फोटो कपि तयार गर्ने र सम्पूर्ण छाँया प्रतिहरुमा स्वी कृति प्राप्त नोटरी पव्लिकवाट नोटरी गराउने ।
6. तल उल्लेख भएका सम्पूर्ण कागाजत तयार गरी वोर्ड समक्ष्य निवेदन दिने । उक्त निवेदन विषेशज्ञ समिति समक्ष पेश हुने र उक्त समिति को वैठक आवश्यकता अनुसार वस्ने भएकोले यस्ता निवेदन उपर कारवाही हुन केही दिन लाग्ने हुन्छ । निवेदन उपर निर्णय भए पश्चात वोर्ड सचिवालयले निवेदकले निवेदनमा उल्लेख गरेको फोन नंम्वरमा सम्पर्क गराउने छन् ।
7. निर्णय भएको खवर प्राप्त भए पश्चात तोकिएको समयमा A/C
   Payee चेक तयार हुने छ सो वुझ्न कामदारको पासपोर्ट साइजको फोटो एक र सक्कल राहदानी सहित सम्पर्क गर्नु पर्ने छ ।

**निवेदनसाथ पेश गर्नुपर्ने काजगातहरु :**

1. रितपूर्वक भरेको निवेदन
2. श्रम स्वीकृतिपत्र
3. करारनामा÷सम्झौतापत्र
4. बिदेशको अस्पतालमा उपचार गराएको प्रमाणहरु,
5. नेपालको मान्यताप्राप्त अस्पतालमा उपचार गराएको प्रमाणहरु बिरामीको पछिल्लो अवस्था प्रष्ट खुलेको हुनुपर्नेछ
6. नेपाल फर्कदाको हवाई टिकट
7. बिरामीको पासपोर्ट श्रम स्वीकृतिको स्टीकर समेत देखिने/ट्राभल डकुमेण्ट
8. घाउ चोटपटक लागेको भए स्पष्ट देखिने फोटो
9. बिरामीको पासपोर्ट साइजको फोटो
10. बिरामीको नागरिकताको प्रतिलिपि
11. बिरामी आफै उपस्थित भई निवेदन पेश गर्न नसक्ने अवस्था भएमा स्थानीय निकायको सिफारिशमा ,बिरामीको मञ्जुरीनामा र हकवालासँगको नाता प्रमाणित सहित बिरामी आफै उपस्थित हुन नसकेको अवश्थामा माथि उल्लिखित कागजातहरु नजिक को हकवालाले पेश गर्न सक्नेछ ।

निवेदनको ढाँचा बोर्ड सचिवालयमा उपलव्ध छ ।

रितपूर्वक प्राप्त भएका निवेदनहरुलाइ वैदेशिक रोजगार कार्य संचालन निर्देशिकको अनुसूचि ७ वमोजिम रोग स्पष्ट भएकाकोहकमा बोर्ड सचिवालयवाट र रोग स्पष्ट नभएकाहरुको हकमा विशेषज्ञ समितिको वैठकमा पेश गरि विशेषज्ञ समितिको निर्णयानुसार उपचार खर्च उपलव्ध गराइने ।

नेपाल फर्किएको १ वर्ष भित्र निवेदन पेश गरिसक्नु पर्ने नभए आर्थिक सहायता प्राप्त नहुने ।

बासु पण्डित
नि. प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

(श्रम अवधिभित्र अङ्गभङ्ग भएका कामदारले आर्थिक सहायताका लागि दिने निवेदन)

| |
|---|
| **विशेषज्ञ समितिबाट सिफारिस भएको आर्थिक सहायता प्रतिशत अङ्कमा…………… (अक्षरमा………………)** |
| **हस्ताक्षर:** |

श्रीमान् कार्यकारी निर्देशक
वैदेशिक रोजगार वोर्डको सचिवालय, काठमाण्डौ ।

म……………वैदेशिक रोजगारको लागि इजाजतपत्रवाला श्री …………………………………… मार्फत………………… (मुलुक) गएकोमा मिति………………का दिन सोहि मुलुकको………………भन्ने स्थानमा दुर्घटनामा परी अङ्गभङ्ग भएको हुँदा वैदेशिक रोजगार निमावली, २०६४ को नियम २८ (४) वमोजिम आर्थिक सहायता पाउन निम्न कागजात र विवरण यसै साथ राखी सोहि नियमावलीको नियम २८ (३) को म्याद भित्र निवेदन दिन आएको छु। नियमानुसार आर्थिक सहायता पाउन अनुरोध गर्दछु।

**१. निवेदकको**

(क) नाम थर :

(ख) राहदानीको नं. :

(ग) नागरिकता नं. :

(घ) दुर्घटना सम्वन्धि विवरण :

२. बाबुको नाम :

३. पति/पत्निको नाम

४. काम गर्न गएको मिति :

५. फर्किएको मिति :

६. श्रम स्वीकृतिको पत्र र मिति :

७. करारपत्र र करार अवधि :

८. दुर्घटना सम्वन्धी प्रमाणपत्र (कम्पनी/दुतावास/अस्पताल) :

| अङ्गभङ्ग/उपचार खर्चको लागि निवेदन दिदा पेश गर्नु पर्ने कागजातहरु र विवरण। | | |
|---|---|---|
| १ | अङ्गभङ्ग/उपचार गरेको प्रमाणपत्र कम्पनी वा दुतावास/अस्पतालको कागजातको प्रतिलिपि | |
| २ | कामदारको नागरिकता/राहदानी प्रतिलिपि | |
| ३ | नेपाल फर्किएको टिकट वा पासपोर्टमा टांसेको प्रस्थान र आगमन स्टिकरको प्रतिलिपि | |
| ४ | नेपालको सरकारी अस्पताल वा मान्यताप्राप्त अस्पतालमा उपचार गराएको प्रमाण पत्रको प्रतिलिपि | |
| ५ | घाउ/चोट पटक स्पष्ट देखिने फोटो (अंगभंग भएकाको हकमा) | |
| ६ | कामदारको वैङ्क खाता खुल्ने कागजातको प्रतिलिपि | |
| ७ | अचेत अवस्थामा रहेको कामदारको हकमा निवेदकको नागिरकता र कामदारसंगको नाता प्रमाणपत्रको प्रतिलिपि र नागरिकत | |

**यो निवेदन साथ पेश गरेका कगजातहरु ठिक दुरुस्त छन् पछि फरक पर्न गएमा कानुन वमोजिम सहुला वुझाउला**

सहिछाप

| दायाँ | वायाँ |
|---|---|
| | |

नाम थर :

मोवाइल नं.

हस्ताक्षर :

मितिः २०…..।….।…., जिल्ला……………………. गा.पा/न.पा…………………………………… वडा.नं………